प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. १ धनकुटा

योजना तथा कार्यक्रम शाखा

पत्र संख्याः

चलानी नं.

धनकुटा, नेपाल

## सामुदायिक क्याम्पसहरुलाई प्रस्तावमा आधारित अनुदान कार्यक्रम सञ्चालनका लागी गरिएको

## <u>सम्झौता-पत्र</u>

प्रदेश सरकार, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. १, धनकुटा (जसलाई यस सम्झौतामा यसपछि पहिलो पक्ष भनिनेछ) र ........ ..... .. ..... ..... जिल्ला ...... ..... .. .. ..... ..... ..... गाउँ/नगरपालिका ..... ....... मा सञ्चालित श्री ...... .. .. ..... .... .... ...... ....... .... .. क्याम्पस ... ........ ........ . (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) बीच सामुदायिक क्याम्पसहरुलाई प्रस्तावमा आधारित अनुदान कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०७८/०७९ भित्र निम्नानुसारका शर्तका अधिनमा रही सम्पन्न गर्न मिति २०७८/०८/   गते यो सम्झौता सम्पन्न भयो ।

**<u>पहिलो पक्षले पालना गर्नु पर्ने शर्तहरुः</u>**

1. सामुदायिक क्याम्पसहरुलाई प्रस्तावमा आधारित सञ्चालन अनुदानका लागि दोस्रो पक्षले पेश गरेको प्रस्तावपत्र सहितका कागजात अध्ययन गरी औचित्यताका आधारमा कार्यक्रम स्वीकृत गर्ने ।
2. सामुदायिक क्याम्पसहरुलाई प्रस्तावमा आधारित सञ्चालन अनुदान कार्यक्रमको कूल रकम रु. ..........................।- (अक्षेरेपि ..............................) को ८० प्रतिशतले हुने रकम सम्झौता पश्चात दोस्रो पक्षको बैंक खातामा निकासा दिने ।
3. कार्यक्रम सञ्चालनका क्रममा सामाजिक विकास मन्त्रालय र निर्देशनालयबाट अनुगमन गर्ने ।
4. दोस्रो पक्षले कार्यक्रम सम्पन्न गरी क्याम्पस व्यवस्थापन समितिको बैठकको निर्णय, प्राविधिकबाट प्रमाणित मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन, सम्पूर्ण बिल भर्पाईहरु, कर दाखिला भौचर लगायतका कागजातहरु पहिलो पक्षलाई पेश गरेपछि बाँकी २० प्रतिशत रकम दोस्रो पक्षको बैंक खातामा निकासा दिने ।
5. दोस्रो पक्षले शर्तका अधिनमा रही तोकिएको समयमा कार्य नगरेमा निकासा भएको रकम रोक्का राख्ने तथा कार्य सम्पन्न नगरी हिनामिना गरेमा प्रचलित कानून बमोजिम असुल उपर गर्ने ।
6. .... ... ..... ......   ..... .... ... बैंक ..... ...... ...... ... शाखामा क्याम्पसको नाममा रहेको चल्ती हिसाव नं ........ ...... ....... ....... .......  ...... ....... मा रकम निकासा गरिनेछ ।

**<u>दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः</u>**

1. सामुदायिक क्याम्पसहरुलाई प्रस्तावमा आधारित सञ्चालन अनुदान कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी क्याम्पस सञ्चालक समितिको हुनेछ ।
2. क्याम्पस सञ्चालक समितिले कार्य शुरुआत गर्दा, बीचमा र अन्त्यमा कार्य सम्पन्न पश्चात समेत कार्य प्रगतिको मूल्याङ्कन गरी बैठक बसी प्रस्ताव गरिएअनुसार कार्य भएको सुनिश्चित गर्नु पर्नेछ ।
3. सामुदायिक क्याम्पसहरुले प्रस्तावमा आधारित अनुदान कार्यमा मितब्ययिता, पारदर्शिता तथा जवाफदेहिता बहन गर्दै जिम्मेवारीका साथ प्रचलित कानून अनुसार सेवा तथा सामग्री खरिद तथा ब्यवस्थापन गर्नु पर्नेछ ।
4. सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) अनुसार गर्नुपर्नेछ।
5. खरीद गरिएका सामग्री तथा उपकरणहरुलाई जिन्सी खातामा आम्दानी बाँधी सोको प्रमाणित प्रतिलिपि तथा दाखिला प्रतिवेदन पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।
6. प्रस्तावपत्रमा तोकिए बमोजिमको सम्पूर्ण कार्य दोस्रो पक्षले ढिलोमा यसै आर्थिक बर्षको बैशाख मसान्तभित्र सम्पन्न गर्नुपर्नेछ ।

7. कार्य सम्पन्न गरेपछि व्यवस्थापन समितिको निर्णय, प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन, सम्पूर्ण विल भर्पाइहरु, नियमानुसार कर दाखिला गरेको बैंक भौचर तथा अन्य सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपी पहिलो पक्षलाई बुझाइ बाँकी रकम माग गर्नु पर्नेछ ।

सम्झौता गर्ने व्यक्तिहरु

| पहिलो पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| निर्देशकको हस्ताक्षर : | उपसचिव/शाअको हस्ताक्षर : | क्याम्पस प्रमुखको हस्ताक्षर : |
| नाम थर :- | नाम थर :- | नाम थर :- |
| कार्यालय : शिक्षा विकास निर्देशनालय | कार्यालय : शिक्षा विकास निर्देशनालय | सञ्चालक समिति अध्यक्षको हस्ताक्षरः- |
| प्रदेश नं १ धनकुटा | प्रदेश नं १ धनकुटा | नाम थरः- |

मिति : २०७८।०७।

कार्यालयको छापः

क्याम्पसको छापः